

अब त देश
दुख्ने र कलमै
लजाउने घटना
klg xg yfn]! (२)

नकुल काजी

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**



दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोनः ०२३-५७५४०९





जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की**
तथा **ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोडः
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - २२१ ❑ २०८३ भाद्र १० गते बुधबार ❑ Wednesday, 26 Aug. 2026 ❑ मूल्य ७ /-


# दमकका ३४ सहकारीले बुझाएनन् विवरण

## कानूनी प्रक्रिया पूरा गर्न नगरको ह्वीप

पूर्वसन्देश समाचार

**दमक/** झापाको दमक नगरपालिका क्षेत्रभित्र सञ्चालित ३४ वटा सहकारी संस्थाले प्रचलित कानुनअनुसार बुझाउनुपर्ने विवरण नबुझाएपछि कानूनी दायरामा तानिने भएका छन् ।

दमक नगरपालिका र कोशी प्रदेश सहकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यालयले छुट्टाछुट्टै सूचना जारी गर्दै ती सहकारी संस्थालाई तत्काल कानुनी दायरामा आउन निर्देशन दिएका छन् ।

दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुनील निरौलाद्वारा जारी विवरणअनुसार दमक सहकारी ऐन, २०७५ तथा कोशी प्रदेश सहकारी ऐन, २०७६ को प्रावधानअनुसार बुझाउनुपर्ने विवरण लामो समयदेखि नबुझाउने सहकारीहरूलाई कानुनी प्रक्रिया पूरा गर्न भनिएको हो ।

दमक सहकारी ऐन, २०७५ को दफा ५३ को उपदफा (१) बमोजिम नगरपालिकामा नियमकीय विवरण नबुझाउने सहकारीको सूचीमा २६ संस्था रहेका छन् ।

जसअनुसार साविक दमक ११ को नेपाल औषधी व्यवसाय सहकारी संस्था लि, दमक १० को न्यु युनाईटेड बहुउद्देश्यीय सहकारी संस्था, दमक ६ को नारी एकता बचत तथा ऋण सहकारी संस्था, दमक १० को फुलवारी कृषि सहकारी संस्था, महिला जागरण उपभोक्ता सहकारी संस्था, दमक १ को सिद्धिदात्री कृषि सहकारी संस्था, दमक ८ को हिफाजत कृषि सहकारी संस्था, दमक १३ को कञ्चन दुग्ध सहकारी संस्था, कोहिनुर बचत तथा ऋण सहकारी संस्था रहेका छन् ।

यसैगरी, दमक ७ को हलेसी कृषि सहकारी संस्था, त्रिगंगा कृषि सहकारी संस्था, दमक ६ को नारायणी बचत तथा ऋण सहकारी संस्था, सब्जी बजार कृषि सहकारी संस्था, देवी पाथिभरा बचत तथा ऋण सहकारी संस्था, दमक उपभोक्ता सहकारी संस्था, पञ्चमुखी उपभोक्ता सहकारी संस्था, दमक ३ को हम्सेदुम्से दुग्ध उत्पादन तथा संकलन सहकारी संस्था, दीपज्योति बचत तथा ऋण सहकारी, मानसरोवर कृषि सहकारी संस्था, दमक ५ को माईपश्चिम बचत तथा ऋण सहकारी संस्था, संयुक्त कलाकर्मी बचत तथा ऋण सहकारी संस्था, हाम्रो सचेतना समृद्धी बहुउद्देश्यीय सहकारी संस्था, शितल कृषि सहकारी संस्था, मुनाल बचत तथा ऋण सहकारी संस्था, दमक ४ को लक्ष्मी बेराङ सामुदायिक बचत तथा ऋण सहकारी संस्था र दमक १ को हिमाञ्चल बचत तथा ऋण सहकारी संस्था रहेका छन् ।

मुनाल र दीपज्योति सहकारीले २०८२ सालको विवरणसमेत बुझाउन बाँकी रहेको उल्लेख छ ।

### प्रदेशको सूचनामा थप ८ सहकारी

कोशी प्रदेश सहकारी ऐन, २०७६ को दफा ६० को उपदफा (१) अनुसार लगातार दुई वर्षसम्म प्रतिवेदन नबुझाएका थप आठ सहकारीलाई प्रदेश सहकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यालयले ३५ दिनभित्र आवश्यक कागजातसहित सम्पर्क गर्न निर्देशन दिएको छ ।

सूचनामा उल्लेख गरिए अनुसार साविक दमक १० को कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था, जिल्ला उपभोक्ता सहकारी संघ, दमक-११, स्वर्णपुरी बचत तथा ऋण सहकारी संस्था, मजवुत बचत तथा ऋण सहकारी संस्था दमक-१२, नवरंग बचत तथा ऋण सहकारी संस्था दमक-११, दर्पण बचत तथा ऋण सहकारी संस्था दमक-६, क्लियर कृषि सहकारी संस्था दमक-११ र भाग्यशाली बचत तथा ऋण सहकारी संस्था रहेका छन् ।

# विद्युत् प्राधिकरणले कोशीमा दस सबस्टेसन थप्ने

**दमक/** नेपाल विद्युत् प्राधिकरणले कोशी प्रदेशका पाँच जिल्लामा १० वटा सबस्टेसन थप्ने प्रक्रिया थालेको छ । प्राधिकरणले सबस्टेसनको संख्या बढाउँदै वितरण प्रणालीमा सुधार तथा ट्रान्सफर्मर अपग्रेडको कामलाई एकसाथ अगाडि बढाउने तयारी गरेको हो ।



गर्मीको समयमा विद्युत् वितरण प्रणालीमा हुने ओभरलोड व्यवस्थापन गर्न सुनसरीको बर्जु गाउँपालिकाको १३२ केभी सबस्टेसन र मोरङको बेलबारीस्थित केरौनमा १३२ केभी ग्रिड सबस्टेसन निर्माणको अन्तिम चरणमा रहेका छन् । जसमध्ये केरौनको सबस्टेसन अहिले चार्जिङ फेजमा राखिएको र बर्जुको काम तीन महिनामा सम्पन्न हुने जानकारी दिइएको छ ।

नेपाल विद्युत् प्राधिकरण प्रादेशिक कार्यालय कोशीका निर्देशक कमल आचार्यका अनुसार केरौन र बर्जुको ग्रिड सबस्टेसन सञ्चालन भएमा आगामी फागुनपछिको गर्मीको समयमा मोरङमा हुन सक्ने ओभरलोड समस्या हल हुने बताए । त्यसबाहेक मोरङको पथरीशनिश्चरे नगरपालिकामा अर्को सबस्टेसन थप्नका लागि जग्गा व्यवस्थापनको कामसमेत भइरहेको उनको भनाइ छ । कोशी प्रदेश सुनसरीमा तीन, झापामा दुई, पाँचथर, उदयपुर, संखुवासभा र ताप्लेजुङमा एक/एक सबस्टेसन थप्ने स्रोत सुनिश्चित भएर प्रक्रिया थालिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले कोशी प्रदेशका विभिन्न स्थानको अवलोकन गर्ने क्रममा नियमित सुधारबाहेक आवश्यकताका केही योजनालाई प्राथमिकता दिनुपर्ने निर्देशन दिएको थियो । निर्देशक आचार्यका अनुसार वितरण प्रणालीमा सुधारका लागि थप बजेट व्यवस्थापन, ट्रान्सफर्मर अपग्रेडको काम आगामी गर्मीको मौसम आउनुअगाडि गरिसक्न निर्देशन दिइएको हो ।

प्राधिकरणले अहिले थप्ने सबस्टेसन वितरण कार्यालय बाँकी ४ पेजमा ▸▸

# सर्वोच्च अदालतमा रिट दायर भएसँगै कांग्रेस अन्योलमा

**दमक/** सर्वोच्च अदालतमा रिट दायर भएसँगै नेपाली कांग्रेसका दुवै पक्षका नेतृत्व थप अन्योलमा परेका छन् । निर्वाचन समितिको भदौ २ गतेको बैठकले भदौ २४ गते वडा अधिवेशन गर्दै १५औँ महाधिवेशनअन्तर्गत अधिवेशन सुरू गर्ने निर्णय गरेको छ । तर, त्यसविरूद्ध २०७८ मंसिरमा १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिका सभापति शेरबहादुर देउवालले त्यो महाधिवेशन प्रक्रिया रोक्न भन्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका छन् ।

उनी र निवर्तमान उपसभापति पूर्णबहादुर खड्काले दायर गरेका रिट सर्वोच्च प्रशासनले मंगलबार दर्ता गर्दै भदौ ११ गते बिहीबारका लागि पेसी तोकेको छ ।


नेपाली कांग्रेसको आधिकारिकता विवादमा देउवा र खड्काले नै दायर गरेका छुट्टाछुट्टै रिटमा पूर्ण इजलासले मुद्दा सुरूबाटै सुनुवाइ गर्नेगरी पुनरवलोकनको अनुमति दिएको थियो । त्यसपछि संस्थापनले एकलौटी रूपमा महाधिवेशनको नयाँ कार्यतालिका सार्वजनिक गरेको भन्दै देउवा र खड्का पूरक रिट लिएर सर्वोच्च पुगेका हुन् ।

पूरक रिट सर्वोच्च प्रशासनले दर्ता गरेर पेसी नै तोकेपछि अब सर्वोच्चको फैसला अगावै कांग्रेसमा १४औं महाधिवेशनबाट आएको समिति र विशेष महाधिवेशनबाट आएको समितिबिच सहमति हुन्छ कि हुन्न भने चर्चा सुरू भएको छ ।

यस सन्दर्भमा इतर (निवर्तमान सभापति शेरबहादुर देउवा र नेता डा. शेखर कोइराला)समूहले सर्वोच्चको फैसला कुर्ने पक्षमा देखिन्छ । संस्थापन भने फैसलाअघि नै राजनीतिक सहमतिमार्फत विवाद टुंग्याएर महाधिवेशनको वातावरण बनाउनुपर्ने बताइरहेको छ ।

इतर समूहका नेता एनपी साउदले सर्वोच्च अदालतमा चलिरहेको आधिकारिकता सम्बन्धी विवाद अगावै राजनीतिक सहमति गरेर अगाडि बढ्न १४औं महाधिवेशनलाई नै मान्ने गरेर सबै समाहित हुनुपर्ने बताए । देउवा कांग्रेसको विधानअनुसार पनि आगामी महाधिवेशनबाट सभापति बन्न नपाउने र आफै सभापति नबन्ने घोषणा गरिसकेकाले उनकै नेतृत्वमा महाधिवेशन बाँकी ४ पेजमा ▸▸

# तथ्यमा आधारित कलम चलाउन मुख्यमन्त्रीको सुझाव



**दमक/** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले देश, समाज र जनताको हित हुने गरी सत्य र तथ्यमा आधारित रही कलम चलाउनुपर्ने बताएका छन् । नेपाल पत्रकार महासंघ कोशी प्रदेशद्वारा मंगलबार आयोजित 'पत्रकार दुर्घटना बिमा' कार्यक्रमको शुभारम्भ गर्दै उनले सत्य र तथ्यको आधारमा गरिने पत्रकारिताले मात्र समाजलाई बलियो बनाउने बताए ।

मुख्यमन्त्री कार्कीले बीमा कम्पनील बीमितको भुक्तानी सहज र सरल ढंगबाट गर्ने व्यवस्थाका लागि आग्रह गर्दै प्रदेश सरकारले स्थापना गरेको प्रदेश सञ्चार प्रतिष्ठानले पत्रकारको हकहितका काममा बजेटको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरे ।

एक हजार २०० पत्रकारको एक वर्षका लागि दुर्घटना बिमामा लाग्ने खर्च प्रदेश सरकारले बेहोरेको जानकारी दिँदै उनले महासंघले आवश्यकता महसुस गरे कार्यक्रम निरन्तर चलिरहने विश्वास दिलाए ।

प्रदेश सरकारको आर्थिक सहयोगमा राष्ट्रिय बीमा कम्पनी लिमिटेडले नेपाल पत्रकार महासंघ कोशी प्रदेशका पत्रकारका लागि एक वर्षको दुर्घटना बिमा गरेको छ । राष्ट्रिय बिमा कम्पनी लिमिटेडका व्यवस्थापक निरञ्जन आचार्य र कम्पनीका कोशी प्रदेशका प्रमुख राजेन्द्र महर्जनले पत्रकार हकहित र बिमा कार्यक्रमको प्रभावकारीताका विषयमा आ-आफ्नो धारणा राखेका थिए ।

# एमाले, नेकपा र राप्रपाबिच सातबुँदे समझदारी

*__दमक/__ बागमती प्रदेश सरकार गठन तथा सञ्चालनका लागि नेपाली कम्युनिष्ट पार्टी, नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बिच सातबुँदे समझदारी भएको छ । संविधानको सर्वोच्चता, लोकतान्त्रिक मूल्यमान्यता, राजनीतिक स्थायित्व, सुशासन तथा समृद्ध बागमती प्रदेश निर्माणलाई साझा उद्देश्य बनाउँदै तीन दलबीच मंगलबार समझदारी भएको हो । समझदारीपत्रमा सरकार गठनदेखि प्रदेश सरकार सञ्चालन, न्यूनतम साझा कार्यक्रम, सत्ता साझेदारी र मन्त्रिपरिषद् समावेशी बनाउने विषय समेटिएका छन् ।*

*समझदारीअनुसार प्रदेश सरकारमा सत्ता साझेदार दलहरूको दलीय हैसियतका आधारमा मन्त्रालय बाँडफाँट गरिनेछ। मन्त्रालयको संख्या भने हाल कायम आठभन्दा नबढाउने सहमति भएको छ । प्रदेश सभामा रिक्त रहेको सभामुख पद नेपाली कम्युनिष्ट पार्टीबाट निर्वाचित गर्ने समझदारीसमेत भएको छ ।*

*प्रदेश सरकार सञ्चालनका लागि न्यूनतम साझा कार्यक्रम तयार गरी सात दिनभित्र सार्वजनिक गर्ने सहमति भएको छ । त्यसका लागि तीन दलबाट गरी सात सदस्यीय समिति गठन गरिएको छ । समितिमा नेपाली कम्युनिष्ट पार्टीबाट रत्न ढकाल, उर्मिला लामा र लक्ष्मण लम्साल, नेकपा एमालेबाट डा दिनेशचन्द्र देवकोटा र* बाँकी ४ पेजमा ▸▸

# दमकका प्रमुख प्रशासकीय अधिकृत निरौलाको सरुवा

**दमक /** दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौलाको सरूवा भएको छ । निरौलाको युवा, श्रम तथा रोजगार मन्त्रालयमा सरूवा भएको छ । उनीसहित एकैपटक २० प्रमुख प्रशासकीय अधिकृत,४७ जना उपसचिवको सरूवा तथा पदस्थापन गरिएको छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोमबार गरेको निर्णयअनुसार प्रमुख प्रशासकीय अधिकृतसहित नेपाल प्रशासन सेवाका उपसचिवहरूको स्थानीय तह, मन्त्रालय, आयोग तथा अन्य केन्द्रीय निकायमा सरूवा तथा पदस्थापन गरिएको हो ।

मन्त्रालयको भदौ ८ गतेको निर्णयअनुसार सार्वजनिक गरिएको सूचीमा ४७ जना कर्मचारीको सरूवा तथा कामकाजसम्बन्धी विवरण समेटिएको छ ।


**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमक झापाको

## KHDC कार्यक्रम सम्बन्धी सूचना

दमक नगरपालिकाको **१५औं नगर सभा**बाट स्वीकृत तथा **१९औं नगर सभा**बाट समेत निर्णय भई **"स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धिः स्वास्थ्य सेवामा ल्याउँछ समृद्धि"** भन्ने नारालाई सार्थकता दिनका लागि, नसर्ने रोगहरुको बिरामी बढ्दै गएको वर्तमान परिप्रेक्ष्यमा नगरपालिकाका सबै वडाहरुमा सेवा पुर्याउने उद्देश्यका साथ दमक नगरपालिका, झापा, KHDC नेपाल र बि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको सहकार्यमा सञ्चालन भएको KHDC (Kidney, Hypertension, Diabetes and Cardiovascular Disease, COPD) कार्यक्रम अन्तर्गत मुटु, मृगौला, उच्च रक्तचाप, मधुमेह र स्वास-प्रस्वास (दम) लगायतका रोगहरुको रोकथाम तथा नियन्त्रणका लागी दमक नगरपालिकाले गत आ.व. २०८१/८२ मा संचालन गरेको कार्यक्रम मार्फत ७८०९ जना र आ.व. २०८२/८३ मा संचालन गरेको कार्यक्रम मार्फत ८०९६ जनालाई सेवा प्रदान गरेको थियो । सो कार्यक्रम यस आ.व. २०८३/८४ मा तपशिल बमोजिमका वडामा उल्लेखित मितिमा संचालन गरिने व्यहोरा अनुरोध गर्दछौं ।

तपशील

| क्रस | वडा न. | संचालन हुने मिति | कैफियत |
|---|---|---|---|
| १ | ९ | २०८३/०५/१५ देखि २०८३/०६/०२ | |
| २ | ३ | २०८३/०६/०५ देखि २०८३/०६/२३ | |
| ३ | ४ | २०८३/०६/२६ देखि २०८३/०७/२० | |
| ४ | ६ | २०८३/०८/१ देखि २०८३/०८/१८ | |
| ५ | १० | २०८३/०८/२१ देखि २०८३/०९/१७ | |
| ६ | ७ | २०८३/०९/२० देखि २०८३/१०/८ | |
| ७ | २ | २०८३/१०/११ देखि २०८३/१०/२९ | |
| ८ | ८ | २०८३/११/०३ देखि २०८३/११/२१ | |
| ९ | ५ | २०८३/११/२६ देखि २०८३/१२/१६ | |
| १० | १ | २०८३/१२/१७ देखि २०८३/१२/३० | |

**राम कुमार थापा**
नगर प्रमुख
**दमक नगरपालिका, झापा**

## सम्पादकीय

# दमकको सौन्दर्य र अनुशासन

स्थानीय सरकारले चाहेमा र दृढ इच्छाशक्ति भएमा सहरलाई कसरी सफा, व्यवस्थित र मर्यादित बनाउन सकिन्छ भन्ने गतिलो उदाहरण दमक नगरपालिकाले प्रस्तुत गर्न खोज्दैछ । नगरको सौन्दर्यीकरण, बजार व्यवस्थापन, यातायात अनुशासन र सार्वजनिक क्षेत्रको सुव्यवस्थाका लागि दमक नगरपालिकाले हालै कार्यान्वयनमा ल्याएका कठोर नियमहरु अत्यन्तै स्वागतयोग्य छन्। यसले दमकलाई एउटा आधुनिक, सफा र अनुशासित नगरका रुपमा स्थापित गर्न महत्त्वपूर्ण टेवा पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

विगतमा पनि यस्ता केही नियमहरु अभ्यासमा नरहेका होइनन्, तर विभिन्न राजनीतिक तथा सामाजिक उतारचढाव (विशेष गरी जेनजी आन्दोलनपछिको केही अस्तव्यस्त अवस्था) का कारण ती फितलो बन्न पुगेका थिए । अहिले नगरपालिकाले तिनलाई पुनः कडा रुपमा लागू गर्दै सार्वजनिक सुशासनको प्रत्याभूति गराउन खोजेको छ । विशेष गरी भदौ २० गते हुने ऐतिहासिक रथयात्रालाई मध्यनजर गर्दै मुख्य रूटका छरपष्ट तारहरु व्यवस्थापन गर्ने र नेपाल टेलिकम लगायतका सम्बन्धित निकायबाट भइरहेको समन्वयले स्थानीय तहको तत्परता झल्काउँछ ।

नगरपालिकाले अगाडि सार्काएका नीतिहरु केवल कागजी निर्णयमा सीमित नभई व्यावहारिक रुपान्तरणतर्फ लक्षित देखिन्छन् । यस क्रममा सडक र फुटपाथमा व्यापार गर्न, निर्माण सामग्री राख्न तथा बिनास्वीकृति विज्ञापन गर्न रोक लगाइएको छ जसले पैदलयात्रीको अधिकार सुरक्षित गरेको छ । पार्किङ व्यवस्थापनलाई वैज्ञानिक बनाउन महिनाको पहिलो र दोस्रो १५ दिनका आधारमा एकतर्फी पार्किङको नियम लागू गरिएको छ र नियम उल्लंघन गर्नेलाई ह्वील लक गर्ने व्यवस्थाले सवारी जामको समस्या धेरै हदसम्म हल गर्नेछ । सार्वजनिक स्वास्थ्य र स्वच्छताका दृष्टिले मन्दिर, विद्यालय र स्वास्थ्य केन्द्रको एक सय मिटर वरपर सुर्तीजन्य पदार्थको बिक्रीवितरण तथा सेवनमा पूर्ण प्रतिबन्ध लगाइएको छ भने घरपालुवा कुकुरलाई सडकमा दिसापिसाब गराउन रोक लगाइनु नागरिक स्वास्थ्यप्रति जिम्मेवार कदम हो ।

यातायात नियमनका लागि टेम्पो तथा सिटी सफारीलाई रङ्गका आधारमा वर्गीकरण गरी हरियो, पहेँलो र रातो स्टिकर टाँस्ने नियमले अवैध सवारी सञ्चालन रोक्न र सुरक्षा कायम गर्न सघाउ पुऱ्याउनेछ । साथै, ठूला मालवाहक सवारीलाई निश्चित समयमा मात्र प्रवेश गराउने र रिङरोडको प्रयोग अनिवार्य गर्नु पनि प्रशंसायोग्य छ । सडक र बजार व्यवस्थापनसँगै मजदुरहरुको सुरक्षाका लागि 'मजदुर कल्याण कोष' स्थापना गर्ने निर्णयले स्थानीय सरकार समाजका सबै वर्गप्रति संवेदनशील रहेको प्रष्ट्याउँछ ।

नियम बनाउनु मात्र ठूलो कुरा होइन, त्यसको कार्यान्वयन पक्ष नै मुख्य चुनौती हो । विगतमा पनि नियमहरु बन्ने तर राजनीतिक दबाब वा प्रशासनिक सुस्तताका कारण प्रभावकारी नहुने प्रवृत्ति हाम्रो देशको पुरानै रोग हो । यस पटक नगरपालिकाले नगर प्रहरीलाई पूर्ण रुपमा परिचालन गरेर कडाइका साथ नियम पालना गराउने घोषणा गरेको छ, जुन दृढताको विषय हो ।

सहर कुनै एक व्यक्तिको मात्रै होइन, यहाँ बस्ने प्रत्येक नागरिकको साझा घर हो । तसर्थ, नियम कानुनको पालना गर्नु केवल दण्डबाट बच्नका लागि मात्र होइन, आफ्नै नगरलाई सभ्य र सुन्दर बनाउने नागरिक दायित्व पनि हो । नगरपालिका एक्लैले चाहेर मात्रै यो अभियान सफल हुँदैनह्य यसका लागि व्यापारी, यातायात व्यवसायी, राजनीतिक दल र आम नागरिकको उत्तिकै साथ, सहयोग र अनुशासन अपरिहार्य हुन्छ । दमकलाई सुसंस्कृत र व्यवस्थित नगर बनाउने यो अभियानमा सबै पक्षको सकारात्मक सहभागिताको अपेक्षा गरौं ।

# अब त देश दुख्ने र कलमै लजाउने घटना पनि हुन थाले !



✍ नकुल काजी

**बजार अत्यन्तै अराजक रुपमा महंगो भएको छ । सामाजिक अनुशासन दैनन्दिन अझ-अझ भताभुङ्ग हुँदै जाँदो छ । भ्रष्टाचार, घुसखोरी, कमिशनखोरी, दलीय पक्षपात, बिचौलियाहरुको बढ्दो प्रकोप, विदेशी जनसंख्या अतिक्रमण र कष्टमा गुज्रिनु परिर हेको सहोदर जनजीवनको वेवास्ता आदि घट्नुको सट्टा झन-झन बढ्दै जाँदो छ । ऊर्जाशाली पाखुरे नेपाली विदेशिने लगभग करोडको लस्कर घटाउने वैकल्पिक उपायको चाँजो व्यवहारमा झन शून्यप्रायः हुँदै गएको छ ।**

प्रजातन्त्रोत्तर यो देशलाई सँधै घेरिआएको सबभन्दा ठूलो समस्याको बीउ-बोट भनेकै यो कालखण्डको शासकीय अपरिवर्तित अस्थिरता हो । देशले अवलम्बन गरेको 'शासकीय प्रणाली'-को परिभाषा दल-दलको 'बैरीवत् कित्ताकाट'-को भाका र लयमा हुनुले देशको अस्थिरतालाई अटुट पुठ प्राप्त हुनु नै यो समस्याको मूल जरो हो । संविधानप्रदत्त कार्यकारी अधिकार खोसाखोस नारेर 'कुर्सी हत्याउने खेल' प्रदर्शन नै यो परिवर्तनयताको विगत साढे तीन दशकको सबभन्दा ठूलो वा अद्वितीय तमाशा बन्यो र त्यही रोढ्याइँ देश र देशबासीका लागि जहरिलो बनेर पन्पायो । फलतः देशका हरेक अवयव अनुर्बर बनेको अनुभूति बन्यो । यस अर्थमा आजसम्म अविच्छिन्न रहेको सो विनाशकारी रोढ्याइँ देश र देशवासीका लागि सबभन्दा ठूलो दुर्भाग्य भइरहेकै छ ! देश र देशवासीलाई पहिलो र अपरिहार्य आवश्यकता त त्यो कण्टक विषादबाट मुक्ति थियो !...

एउटा दलको सरकारमाथि त्यसबाहिरका दलले नित्य 'लोकतान्त्रिक पद्धतिगत स्वाभाविकता'-को पीताम्बर ओडेर नित्य खलनायकीय शैलीको डेउढे बखेडा र उकुर्जीले दाग्नुमै मात्र नै उसको राजनीतिक प्रतिपक्षी धर्म ठान्ने अनौठो चलन जो नेपाली लोकतन्त्रमा देखिँदो छ ! र, सो दगाइ सफल हुनासाथ आक्रामकले 'परिवर्तन'-को ढोल-ढ्यांग्रो ठोक्तै निर्बाध कमाउकान्ते उफ्रीपाफ्री गर्ने गरेका कसका आँखामा पो परेका छैनन् र ? साथै, लगत्तै फेरि आक्रमित इखिएर प्रतिशोध साध्ने सोही ढाँचाको रंगोलीले उसरी नै देशको समृद्धि र अग्रगमनका पुस्तैनी अभिलाषा चकनाचुर पार्दै जाने क्रम बस्यो । २०४६ साल यताका साढे तीन दशक प्रायः जम्मै नै यस्ता पीडा-प्रताडनाले भरिभराउ छन्। २०४६ सालमा जन्मेको कुनै बालक आज ३६/३७ वर्षको हुनुलाई शासकीय सफलतामा जोड्ने जस्ता प्रकृत विकासलाई हास्यास्पद रूपमा 'सत्ताको श्रेय'-मा उल्लेख गर्नुलाई त पाँचौं कक्षाको लठुवा विद्यार्थीले पनि ठाँट मात्र होइन पाखण्डको दर्जामा बुझ्दैन र ? तर, अघिल्ला सत्ताधारी दलहरूले यस्तै नाङ्गो उछिते अभ्यासलाई राजनीतिको छोपो ओडाउने चलखेल बाहेक कर्त्तव्यको हकमा के पो गर्दै आएका थिए र ?

अतः यस्ता थरि-थरिका अन्यायी गतिविधिबाट द्रबित र आक्रोशित नागरिकले, सत्ताको एकाधिपत्य र स्वेच्छाचारी जोतभोगले अजीर्ण भई चटारिएको-बटारिएको अथवा सर्वसम्पन्न र भयावह भएको अधिनायकीय शक्तिलाई गत चुनावमा ठाढो चुनौति दिएका हुन् । र, एउटा नवोदित दललाई पवित्र जनमत मात्रको बलमा राज्य-शक्तिको परिचालनको भारी जिम्मा लगाएर आफ्ना आधारभूत अपेक्षापूर्ति उपस्थापित गर्ने पहिलो चरण पार गरेका हुन् । अब ती आँटी र साहसी नागरिकाका प्रतिको आफ्नो नैतिक कर्त्तव्य मौजूदा राज्य-शक्तिले कसरी पूरा गर्छ ? - अहिले सचेत नेपालीका उपल्लो चेवामा यो विषय उपस्थित छ ।

तर, देशमा विधिको शासन चलाउने संवैधानिक कार्यकारी अधिकार र जन-समर्थनको बलियो लठ्ठी वर्तमान सरकारको हातमा हुँदाहुँदै ऊ हरेक निर्णयमा किन चुक्तैछ र विवादित हुँदै ठक्कर खाँदैछ ? विभिन्न विषय जाँचबुझ गर्न यही सरकारले बनाएका दशवटा आयोगका प्रतिवेदनले औंल्याए अनुसार कार्वाही अगाडि बढाउन यसलाई केले रोकिराखेको हो ? यदि यो नियमित कर्त्तव्य पूरा गर्न उनीहरूलाई जेन-जेड विद्रोहद्वारा किनार लगाइएका र विगतमा देशलाई प्राचीन र माध्यमिक युगको 'कबिला' बनाउने दुर्नियतग्रस्त, सत्ताशक्तिमा पालो फेर्ने गरेका तीन दल तगारो बनेका छन् भने उनीहरूकै शासनकालमा बनेका बाह्रवटा आयोगका प्रतिवेदनका फाइल यही सरकारको जिम्मामा, कार्यान्वयनको दायित्व बनेर, रहेका छन् । तिनै फाइलका धुलो-जालो टक्टक्याएर-पन्साएर उनीहरूलाई कँज्याउन सकिँदैनथ्यो ? यसो गर्न चाहिँ केले रोकेको छ त ? इत्यादि स्वाभाविक प्रश्नहरूका जवाफ पनि यसै सरकारका कतिपय आला-काँचा र कतिपय उनै पुरानाका तौर-तरिकाको स्वर्थानुशरण देखिने काम-कार्वाहीले दिइरहेका छन् भन्ने विश्लेषण अहिले प्रकाश-प्रसारमा आउन थालेका छन् ।

अर्थात् , यी र यस्ता प्रसंगहरूको त आ-आफ्ना बोधशक्ति बमोजिम आ-आफ्नै ढंगबाट, प्रायशः मैदानी नागरिकबाट समेत, सबैबाट शासकीय अभ्यासको तौरतरिकाको भोगाइ हेरेरै निफन्ने प्रक्रिया शुरू भएको छ । यसो भएकाले अहिलेको सरकारका प्रति उनीहरूमा जाग्रत आशा-भरोसा पनि ओइलाउन थालेको देखिँदो छ, थकानका सुस्केराहरु सुनिन थालेका छन् !

देशको अत्यधिक बहुसंख्यक भूईँ नागरिकका जीवन जीविकोपार्जनकै समस्याले पुस्तैनी घेरिँदै आएको तथ्य मौजूदा सरकारका चालकहरूको अनुभवसिद्ध बुझाइमा रहेको नपाइने लगभग पाँच महिना यताका नीति-बिधिको अवलम्बनले देखाइरहेको अवस्था यहाँसम्म जस्ताको त्यस्तै छ । बजार अत्यन्तै अराजक रूपमा महंगो भएको छ । सामाजिक अनुशासन दैनन्दिन अझ-अझ भताभुङ्ग हुँदै जाँदो छ । भ्रष्टाचार, घुसखोरी, कमिशनखोरी, दलीय पक्षपात, बिचौलियाहरूको बढ्दो प्रकोप, विदेशी जनसंख्या अतिक्रमण र कष्टमा गुज्रिनु परिरहेको सहोदर जनजीवनको वेवास्ता आदि घट्नुको सट्टा झन-झन बढ्दै जाँदो छ । ऊर्जाशाली पाखुरे नेपाली विदेशिने लगभग करोडको लस्कर घटाउने वैकल्पिक उपायको चाँजो व्यवहारमा झन शून्यप्रायः हुँदै गएको छ । अर्थतन्त्र सहजीकरणको सन्दर्भमा त अहिले कार्यान्वयन भइरहेको राष्ट्रिय बजेट-वक्तव्यले नै उच्च, उच्च-मध्यम र सीमित मध्यम वर्गभन्दा तल नओर्लिने संकेतसम्म पनि गरेको छैन । यो समय-सान्दर्भिक संसारकै हरेक कित्ता-तप्काका मान्छेको जीवन-जीविकाको मेरूदण्ड मानिने गरिएको 'अर्थतन्त्र'-ले नेपाल जस्तो गरीब-निमुखा नै अत्यधिक बहुल मैदानी नागरिकका दुरावस्थालाई सम्बोधन गरेन भने वा त्यसका आधिकारिक चालकले देशको यथार्थ वस्तुस्थितिसँग प्राथमिकताका साथ चाँजोपाँजोमा जोड्न सकेन भने त्यो कुनै मानेमा पनि सुशासन वा शासकीय सफलता मान्न सकिने हुँदैन ।

नेपालको सन्दर्भमा, प्रजातन्त्रोत्तर पनि, नागरिकका चूला-चौकासम्म जीवन्तरूपमा निरन्तर हुँदै आइरहेका आधारभूत गनगनलाई सम्बोधन हुने किसिमबाट आर्थिक संरचना बनाउनुपर्ने शर्त त हरेक परिवर्तन नामे 'सरकार फेरबदल'-का सामु नागरिक तप्काबाट सोझो-धुमाउरो रूपमा प्रक्षेपित हुँदै आइरहेका 'अग्रिम याचना'-का विषय नै हुन् ।

अथवा, विगतमा के हुँदै आएका थिए भन्ने तितो सम्झनालाई पर सरेर, यो नितान्त वर्तमानलाई हेर्दा , अरु त अरु, सत्ताको बागडोर सम्हालिरहेको दल दुई-तिहाइको बहुमतमा हँदाहुँदै, कामको हकमा चाहिँ विफलोन्मुख हुँदो छ ! देशले अख्तियार गर्ने नीति र नियामक कानून बनाउने थलो जस्तो राज्यकै दोस्रो मर्यादित अङ्ग 'प्रतिनिधि सभा'-को बैठक, सत्तारुढ दलका सांसदहरूको भीडले भरिभराउ हुँदाहुदै 'कोरम नपुगेर' स्थगन हुन थालेका छन् । बाह्रवटा संसदीय समितिमध्ये एघारवटा सत्तारूढ दलका सांसदहरूनिकै सभापतित्वमा गठित छन् र तिनले जिम्मेवारीको काम कुनै जाँगर लाएर मनग्गे छोएका छैनन् भन्ने सूचना पनि आम आलोचनामा आउन थालेका छन् । त्यसो भए, निर्वाचनताकाका बाचा र प्रतिबद्धताहरूका हँकाइ कार्यान्वयन त परै जाओस्, समग्रमा 'पुराना' वा 'कबिलाकालहरु'(एमाले-काङरेस-माओवादी)-कै वकवेदान्ती नेतृत्वको सक्कल बमोजिम नक्कल गरिरहेर 'खोला तरेपछि-लौरो बिर्सिने' उखान चरितार्थ भइरहेको अनुभूति त हुने नै भयो नि ! तर, यसको उपचार पनि जनताले नगरी नछाड्ने ताउर-माउरको छनक फेरि देखिन थालेको छ । यसको पुष्टि त शेरबहादुर देउवा विदेशबाट झन्नै छ महिनापछि फर्किँदा त्रिभुवन एयरपोर्टको जन-सागरले पनि हाकाहाकी गरेकै हो । 'जनता'-को स्मरण छोटो हुन्छ, उनीहरूको मनोविज्ञान स्थिर हुँदैन भन्ने नबुझ्दा जस्तासुकै शासकीय सत्ताधारीले पनि हार्नुपर्ने स्थिति आउँछ भनेर त राजनीति-शास्त्रले निरन्तर भनिरहेकै विषय हो । त्यसकै पनि पुष्टि त्यस दिन भएको होला भन्नू अन्यथा नहोला !...

हुन त, हाल सरकारका हरेक निर्णयहरु बचकाना र उत्ताउला-उरन्ठ्यौला अल्लारे अथवा चरम गैरजिम्मेवार सिद्ध हुँदै आउनु उसको योग्यताको मापक मान्न थालिएकै अवस्था पनि छ अहिले । यसै क्रममा यो वैदिककालदेखिकै बौद्धिक सम्बल सिर्जनाको ऊर्बर प्राज्ञभूमि नेपालको सर्बोच्च बौद्धिक मन्दिररूपी 'नेपाल प्रज्ञा प्रतिष्ठान'-को त स्पन्दनमै लात्ती बजार्ने अति घृणित दुष्कर्म पनि मौजूदा सरकारका प्रधानमन्त्री बालेन शाह र सम्बन्धित मन्त्री गणेष पौडेलको निर्णयबाट भएको छ ! अर्थात् , त्यस्तो पवित्र प्रतिष्ठानको कुलपति पदमा कुमार नगरकोटी जस्तो आफैबाट घोषित भ्रष्ट, वेश्याबाज, दुर्गन्धित चारित्रिक गैर व्यक्तिलाई नियुक्त गरिएको छ । देशमा अनगिन्ती साहित्यकार, साहित्य-सिर्जनाका आजीवन त्यागी-तपस्वी, अक्षर-पूजक, वाङमय भक्तादि हुँदाहुँदै ती कुल-कविलाका शिर एउटा स्वघोषित चरित्र-पतित व्यक्तिद्वारा कुल्याइने सरकारी हर्कत हुनु अत्यन्तै आलोच्य र अस्वीकार्य छ । यसले वर्तमान सरकारको मैमत्ता, निर्विवेकी र स्वेच्छाचारी अभ्यन्तरको परिचय पनि दिएको छ । सरकारको यो कस्तो चरित्रको परिचय दिने घटना हो र गर्न खोजेको के हो ?-खोजी गर्न अक्षरहरु पनि लजाउँछन् ! र, यही कलम-क्लान्त चौतारोमा केही समय मौजूदा राज्यका बारेमा नसुस्ताई यो कलम यो राज्यका अरु बढ्ता टिप्पणी गर्ने जमर्को गर्ने पनि उति बुद्धिमानी ठहराउँदैन, बस् ! त्यसैले आजलाई यति नै ! शेष फेरि -००

## सामाजिक सञ्जाल

### प्रधानमन्त्री बालेनको आँखामा समस्या

#### कालो चस्मा लगाउनै पर्ने स्वास्थ्य प्रतिवेदन



दमक/ प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधि सभाको बैठकमा कालो चस्मा लगाएरै उपस्थित हुनुपर्नेसम्बन्धी स्वास्थ्य प्रतिवेदन संघीय संसद् सचिवालयमा पठाएका छन् ।

स्वास्थ्यमा देखिएको समस्याका कारण चस्मा लगाउनुपरेको भन्दै प्रधानमन्त्री शाहले संघीय संसद् सचिवालयलाई स्वास्थ्य प्रतिवेदनसहितको पत्र पठाएको संघीय संसद् सचिवालयका प्रवक्ता सहसचिव एकराम गिरीले जानकारी दिए ।

सभामुख डोलप्रसाद अर्यालको अध्यक्षतामा बसेको प्रतिनिधि सभाको कार्य व्यवस्था परामर्श समिति बैठकले कालो चस्मा लगाएर सदनमा आउन नपाउने निर्णय गरेको थियो । लगाएर आउनै पर्ने भए स्वास्थ्य रिपोर्टसहित पत्र बुझाउनुपर्ने निर्णय समितिले गरेको थियो । त्यही निर्णयअनुरूप प्रधानमन्त्री शाहले स्वास्थ्य प्रतिवेदनसहितको पत्र सचिवालयमा पठाएको प्रवक्ता गिरीले जानकारी दिए ।

प्रधानमन्त्री शाहले पठाएको स्वास्थ्य रिपोर्ट अनुसार उनको आँखामा उज्यालो सहन कठिन हुने र आँखा सुक्खा हुने समस्या छ । उनले साउन २२ गते छाउनीस्थित सैनिक अस्पतालमा आँखाको परीक्षण गराएको रिपोट सचिवालयलाई पठाएका हुन् ।

लेफ्टिनेट कर्णेल डा. सचित ढकालले गरेको परीक्षणमा प्रधानमन्त्रीलाई उज्यालोमा हेर्न असहज हुने भएकाले बेलाबेला आइड्रप प्रयोग गरिरहनुपर्ने र कालो चस्मा लगाउनुपर्ने उल्लेख छ ।

# प्रजातन्त्रका लागि गोली खाएका जर्घा अझै निर्माणस्थलमा श्रम गर्दै

**यज्ञमूर्ति तिमिल्सिना**

२०४६ सालको जनआन्दोलनमा प्रजातन्त्रका लागि सडकमा उत्रिँदा दाहिने खुट्टामा गोली लागेका प्रतिमान जर्घा अहिले पनि रामपुरका निर्माणस्थलमा मजदुरी गरिरहेका छन् । ६३ वर्षीय जर्घा गोली लागेको खुट्टा खोच्याउँदै दैनिक काममा पुग्छन् । परिवारको गुजारा चलाउन श्रम गर्नुपर्ने बाध्यता छ, तर तीन दशकअघि प्रजातन्त्रका लागि आफ्नो शरीरमा बोकेको चोटको पीडा र राज्यबाट उपेक्षित भएको अनुभूति उनको जीवनसँगै हिँडिरहेको छ ।

२०४६ साल फागुन ७ गते चितवनको नारायणघाट बजारमा बहुदलीय प्रजातन्त्रको माग गर्दै निस्किएको जुलुसमा सहभागी हुँदा २३ वर्षीय जर्घामाथि गोली लागेको थियो। दिउँसो करिब ३ बजे आन्दोलनकारीमाथि गोली चल्दा उनको दाहिने खुट्टाको साप्रामा गोली लागेको थियो। हातमा हतियार थिएन, मनमा भने पञ्चायती व्यवस्था अन्त्य गरी प्रजातन्त्र स्थापना गर्ने आकांक्षा थियो ।

गोली लागेपछि उनलाई रेडक्रसको एम्बुलेन्समार्फत भरतपुर अस्पताल पुऱ्याइएको थियो । त्यहाँ उपचारपछि थप उपचारका लागि काठमाडौंको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल लगियो । करिब दुई वर्षसम्म अस्पताल धाउने, उपचार र थेरापी गर्ने क्रम चल्यो। उपचारले ज्यान जोगाए पनि खुट्टा भने पहिलेकै अवस्थामा फर्किएन ।

पाल्पाको बगनासकाली गाउँपालिका-१, चिर्तुङधाराका जर्घा त्यसबेला रोजगारीका लागि चितवनमा थिए । फर्निचरमा काम गरेर जीवन चलाइरहेका उनले आन्दोलनमा सहभागी हुने निर्णय गरे । देशभर पञ्चायती व्यवस्थाविरूद्ध आन्दोलन चर्किरहेका बेला नारायणघाटमा पनि 'पञ्चायती व्यवस्था मुर्दावाद' र 'बहुदलीय व्यवस्था जिन्दावाद'का नारा गुञ्जिएका थिए ।

आन्दोलन सफल भयो । पञ्चायती व्यवस्था अन्त्य भयो र बहुदलीय प्रजातन्त्र पुनःस्थापित भयो। तर, आन्दोलनमा घाइते भएका जर्घाको जीवन भने त्यसअनुसार सहज हुन सकेन । गोलीको चोटले काम गर्ने क्षमतामा असर गरे पनि परिवार पाल्न उनले श्रमलाई निरन्तरता दिए ।

आन्दोलनपछि उपचारका क्रममा तत्कालीन राजनीतिक नेताहरु मुक्तिलाल चुके, जागृतप्रसाद भेटवाल र ध्रुव थपलियालगायतले सहयोग तथा सहजीकरण गरेको जर्घा सम्झन्छन् । तर, उपचारको त्यो चरणपछि राज्यले आफूलाई बिर्सिएको उनको गुनासो छ । 'त्यतिबेला सरकारले नै उपचार गराएको थियो,' उनी सम्झन्छन्, 'तर त्यसपछि राज्यले मलाई कहिल्यै सम्झिएन् ।'

जर्घाको अपेक्षा ठूलो छैन । आफूले प्रजातन्त्रका लागि दिएको योगदानको राज्यले सम्झना गरोस् भन्ने उनको चाहना मात्रै छ । पद, प्रतिष्ठा वा ठूलो सुविधा होइन, आफ्नो त्यागको सम्मान र राज्यको स्मृतिमा आफूहरूजस्ता घाइतेको स्थान रहोस् भन्ने उनी बताउँछन् ।

आज इतिहासका पुस्तकमा २०४६ सालको जनआन्दोलन प्रजातन्त्र पुनःस्थापनाको महत्वपूर्ण आन्दोलनका रूपमा दर्ज छ । तर, त्यस आन्दोलनमा शरीरमा गोली बोकेर बाँचेका जर्घाजस्ता नागरिकका लागि त्यो इतिहास पुस्तकको विषय मात्र होइन, हरेक दिनको पीडा हो ।

रामपुरको निर्माणस्थलमा खोच्याउँदै हिँड्ने जर्घाको प्रत्येक पाइला त्यही इतिहासको सम्झना बनेको छ । उनको घाउले एउटा गम्भीर प्रश्न पनि जीवित राखेको छ—प्रजातन्त्रका लागि आफ्नो शरीर अर्पण गर्ने नागरिकलाई सम्झने जिम्मेवारी राज्यको होइन र ? इन्सेक अनलाईन

# विदेशवाट फर्केपछि सुकुटी व्यवसाय गर्दै युवा



मोरङ/ पूर्वी-पश्चिम राजमार्ग भएर यात्रा गर्ने यात्रुका लागि लक्ष्मीमार्ग अहिले सुकुटीको स्वाद लिने मुख्य थलो बनेको छ । मोरङको लक्ष्मीमार्गका युवाले वैदेशिक रोजगारीको लोभ लाग्दो कमाइ छाडेर स्वदेशमा नै सुरू गरेको राँगाको सुकुटी व्यवसायले अहिले लक्ष्मीमार्गको पहिचान नै बदलेर 'सुकुटी बजार' बनाइदिएको छ ।

कतारमा छ वर्ष बिताएर फर्केका प्रेम श्रेष्ठ र मलेसियामा आठ वर्ष श्रम गरेका दिलीप श्रेष्ठले सुरूआती दिनमा महिनामा २० देखि ३० किलो सुकुटी बेच्न धौ-धौ हुने प्रेमको पसलबाट अहिले मासिक सयौ किलो सुकुटी बिक्री गर्दै आएका छन् । प्रतिकिलो दुई हजार ७०० मा बिक्री हुने सुकुटीबाट उनले मासिक दुई लाखसम्म आम्दानी गरिरहेको प्रेमले बताए । राँगाको आलो मासु बेलबारी, हरैचालगायत स्थानीय बजारमा प्रतिकिलो ७०० मा किनेर सुकुटी बनाउने गरेका उनले आलो मासुको बढीमा एक चौथाइसम्म सुकुटी बन्ने गरेको बताए ।


प्रेम र दिलीप मात्र होइन, अरू युवा पनि यस व्यवसायमा लागिरेका छन् । 'विदेशको कडा मेहनत र परिवारबाट टाढा हुनुको पीडाभन्दा आफ्नै घरमा परिवारसँगै बसेर गरेको यो व्यवसायले धेरै सन्तुष्टि दिएको छ', वैदेशिक रोजगारीबाट फर्केर ११ वर्षदेखि यही पेसामा जमेका शोभितमान श्रेष्ठ बताउँछन् ।

स्वदेशी बजारमा मात्र होइन, यहाँको सुकुटीको माग अहिले बेलायत र अमेरिकामा रहेका नेपालीसम्म पुगेको सुकुटी व्यवसायी दिलीप श्रेष्ठले बताए । कोसेलीका रूपमा अन्तर्राष्ट्रिय बजारबाट उच्च माग आए पनि परम्परागत निर्माण शैली र जनशक्तिको अभावका कारण मागअनुसार पुऱ्याउन धौ-धौ परिरहेको व्यवसायीको भनाइ छ ।

## सामान्य ज्ञान

१. WHO को विश्व स्वास्थ्य सम्मेलनले २०२० लाई कुन वर्षको रूपमा तोकेको छ ? - नर्स र मिडवाइफ अन्तर्राष्ट्रिय वर्ष
२. कुन ग्लोबल टेक फर्मले सृजनात्मकतामा केन्द्रित रहेको टांगी (Tangi) नामक छोटो भिडियो बनाउने एप लन्च गरेको छ ? - गुगल
३. 'सियारा' नामको आँधीले हालै कुन महादेशका धेरै देशहरूमा असर पारेको छ ? - युरोप
४. सबैभन्दा ठूलो कोरोनाभाइरस प्रकोपको साक्षी रहेको डायमण्ड प्रिन्सेस क्रूज जहाज कुन देशमा क्वारेन्टाइनमा राखिएको छ ? - जापान
५. कुन देशको संसदले हालै २०२४ पछि राष्ट्रपतिको चुनाव लड्न अनुमति दिने विधेयक पारित गरेको हो ? - रसिया
६. प्यालेस्टाइन शरणार्थीहरूका लागि संयुक्त राष्ट्रको राहत र कार्य एजेन्सी (UNWRA) को मुख्यालय कहाँ रहेको छ ? - अम्मान, जोर्डन
७. बेलायतले भेनेजुएलाको संवैधानिक अन्तरिम राष्ट्रपतिको रूपमा कसलाई मान्यता दिएको छ ? - जुआन गुएइडो (Juan Guaido)
८. कुन देशले आफ्नो श्रम कानून परिमार्जन गरी श्रमिकको न्यूनतम ज्याला २५% बढाएको छ ? - कतार
९. पृथ्वीबाट अनुसन्धान गरिएको पहिलो ग्रह कुन हो ?- शुक्र
१०. लिच्छविकालमा सेनापतिलाई के भनिन्थ्यो ?- बलाध्यक्ष
११. मानव शरीरमा कति प्रकारका मांशपेसी हुन्छन् ? - ३ प्रकारका
१२. सियार जातिको मुख्य बसोवास रहेको जिल्ला कुन हो ? - गोरखा
१३. पैगम्बर मोहम्मदको जन्म कुन ठाउँमा भएको थियो ?- मक्का
१४. नेपाल र भारतबीच गण्डक सम्झौता कुन प्रधानमन्त्रीको पालामा भएको थियो ?- बीपी कोइराला
१५. विश्वकप फुटबल इतिहासमा सबैभन्दा बढी पेनाल्टी प्रदान गरिएको विश्वकप कुन हो ?- विश्वकप २०१८
१६. राप्ती नदीको उद्गम स्थल कुन हो ?- शिवालिक पर्वत
१७. नेपालले दोस्रो पटक चीनलाई उपहार स्वरूप दिएको गैंडाको नाम के हो ? - मितिनी र भद्र
१८. एक ग्राम चिल्लो पदार्थमा कति शक्ति प्राप्त हुन्छ ? - क्यालोरी






✍ डा. प्रेम खत्री

# नेपाली सामाजिक संस्कारहरूमा तिथिमितिको महत्व

**प्रस्तावना**

क्रमागत...हाम्रो पूर्वीय ज्योतिष परम्परामा चन्द्रमाको यो दुई प्रकारको कलालाई मानिस तथा प्रकृतिको अस्तित्व र विकाससित समन्वय गरियो । ती दुई पक्ष-शुक्ल तथा कृष्ण - जीवनका सकारात्मक र नकारात्मक पक्षका पनि प्रतीकका रूपमा मानिए किनभने सूर्यपछि चन्द्रमा नै पृथ्वीका मानवलगायत अन्य जीवजन्तु, वनस्पति एवम् समग्र प्रकृतिका लागि उर्जाको प्रतीकका रूपमा मानिन्छन् । शुक्ल र कृष्णपक्षकै सूर्य र चन्द्रमाको क्षय अर्थात् ग्रहणलाई पनि मानिसले आ´ना क्रियाकलापका बाधाको रूपमा लियो । हाम्रा पात्रो-पञ्चाङ्गहरूमा ज्योतिषीहरूले त्यस्ता ग्रहहरूको मिति-तिथि, मुहर्त तोक्ने र तिनका नराम्रा/हानिकारक प्रभावबाट बच्ने उपायको उल्लेख गर्दछन् । हाम्रा पञ्चाङ्गहरूमा ग्रहहरूको उदय तथा अस्तबारे मिति पनि दिइएको हुन्छ । मुख्यमुख्य ग्रहहरू अस्त वा अन्ध भएका अवसरमा शुभकार्य नगर्नू भन्ने शास्त्रले निर्देश गरेको छ ।

यी माथि चर्चा गरिएका वैदिक ज्योतिषीय प्रथा र तिनको अनुसरणको व्यापकताबारे यस लेखकको ज्ञान न्यून छ । नेपालका सबैजसो जातिजनजातिहरूमा पनि कुनै न कुनै प्रकारको पात्रो ता छ नै तर त्यसबारे हाम्रो ज्ञान भने न्यून छ र अतएव, जाति-जनजातिहरूमा यी माथिका विश्वास र व्यवहारको अवस्था के कस्तो रहेको छ यसबारे छुट्टै अनुसन्धान खोज हुनु आवश्यक छ । यसबाट हाम्रो आ´नो सांस्कृतिक विशिष्टताको एउटा ठुलो र महत्त्वपूर्ण पक्ष पनि उद्घाटित हुनेछ ।

**तिथिको गणना र यसबारेका धारणाहरु**

सौरमण्डलका ठूला र प्रकाशमय नक्षत्र सूर्य हुन् । उनको गतिलाई वा गतिको परिवर्तनलाई एउटाबाट अर्को राशि वा घरमा गएको घटनालाई १२ वटा राशिमा गएको मानी तिनलाई महिनाको रूपमा गणना गर्ने परम्परा पूर्वीय ज्योतिष्मा छ ।

चन्द्रमा भने लगभग २.५ दिनमा नै एउटा राशिबाट अर्कोमा सरिबस्छन् । उनका गतिलाई शुक्ल अर्थात् सेतो वा उज्यालो र कृष्ण अर्थात् कालो वा अँध्यारो पक्षमा बाँडिएको छ । ती पक्षलाई प्रतिपदादेखि पूर्णिमा अर्थात् उज्यालो पक्ष र अमावस्या अर्थात् अँध्यारोपक्ष भनिन्छ । हाम्रो यस उपमहाद्वीपका सभ्यता र संस्कृतिमा तिथि भनेर चिनिने यी ३० वटा दिन वा तिनभित्र समेटिएका समयको विशेष महत्त्व छ । हिन्दु समाज र संस्कृतिमा शुक्ल अर्थात् उज्यालो पक्षलाई शुभ र कृष्ण अर्थात् अँध्यारो पक्षलाई अशुभ मान्ने पनि परम्परा छ । क्रमशः...

## मनोरञ्जन

# ३५ दिनमा सकियो "तिरिमिरी झ्याइँ" को छायांकन



दमक/ चलचित्र 'तिरिमिरी झ्याइँ'को छायांकन सकिएको छ । ३५ दिनको नियमित छायांकनपछि फिल्म सकिएको हो ।

सोमबार कोशी प्रदेश अन्तर्गत सुनसरीको बराह क्षेत्रमा अन्तिम दृश्य खिचेसँगै चलचित्र सकिएको निर्देशक समीरले जनाकारी दिए । विशुद्ध पारिवारिक, मनोरञ्जनात्मक र सामाजिक कथामा निर्माण भएको चलचित्र होराइजन मोसन पिक्चर्स प्रालिको ब्यानरमा बनेको हो । चर्चित कमेडियन सुमन कोइरालाको अभिनयमा डेब्यु रहेको यो चलचित्र धिरेन शाक्य, आभास अधिकारी, सरोज अर्याल, रियर राई, सुमन कोइराला, सुरज चौलागाईं, राज न्यौपाने, जय राम ढकाल, राजश्री थापा, घनश्याम जोशीलगायतका कलाकारहरूको अभिनय छ ।




# सैलुन खोलेर स्वरोजगार बन्दै भद्रपुरका युवा

**भद्रपुर/** झापाको भद्रपुर-८ स्थित सगरमाथा चोकमा आधुनिक सुविधासम्पन्न 'ट्रिम एण्ड ट्रेन्च युनिसेक्स हेयर सैलुन' सञ्चालनमा आएको छ । भद्रपुर-९ निवासी युवा व्यवसायी श्याम बुढाथोकीले करिब २५ लाख रूपैयाँ लगानीमा सैलुन सञ्चालनमा ल्याएका हुन् ।

झापा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष राजकुमार राई, पूर्व प्रहरी संगठन भद्रपुरका अध्यक्ष अम्बिका पोखरेल तथा सञ्चालक बुढाथोकीका पिता लगायतले संयुक्त रूपमा रिबन काटेर उद्घाटन गरे । पछिल्लो समय देशमा उद्योग-व्यवसाय क्षेत्रमा मन्दी देखिएको अवस्थामा युवा व्यवसायी बुढाथोकीले ठूलो आँट र लगानीका साथ नयाँ व्यवसाय सुरू गर्नु सकारात्मक भएको झापा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष राजकुमार राईले बताए । उनले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्दै सञ्चालनमा आएको यस व्यवसायलाई सबैले प्रोत्साहन गर्नुपर्नेमा जोड दिए ।

सैलुनमा सेवाग्राहीको चाहनाअनुसार कपाल काट्ने, कपाल मिलाउने, फेसियललगायतका विभिन्न सौन्दर्य तथा हेयर केयर सेवा उपलब्ध हुने सञ्चालक बुढाथोकीले बताए । पुरूष तथा महिला दुवैका लागि सेवा उपलब्ध हुने सैलुनमा करिब १० जना तालिमप्राप्त युवा जनशक्तिले रोजगारी पाएको उनले जानकारी दिए ।

सुविधाजनक तथा आधुनिक ढंगले कपाल काट्न र सौन्दर्यसम्बन्धी सेवा लिन चाहनेहरूको संख्या बढ्दै गएकाले सबै आवश्यक सुविधासहित सैलुन सञ्चालनमा ल्याइएको बुढाथोकीको भनाइ छ ।

## जीवनशैली

# धेरै थकान महसुस हुन्छ, हुनसक्छ गम्भीर समस्या

कतिपय व्यक्तिलाई पर्याप्त निन्द्रा पुग्दा पनि दिनभर थकान महसुस हुन्छ । शारीरिक व्यायाम वा शारीरिक श्रम गर्दा थकान हुनु स्वभाविक नै हो तर सामान्य अवस्थामा पनि थकान महसुस भइरहनु भनेको चाहिं स्वास्थ्य समस्या हो ।

थकान धेरै कारणले हुनसक्ने जनरल फिजिसियन डा अमर प्रजापति बताउँछन् । शरीरमा पानीको कमी, अत्यधिक मद्यपान, खराब जीवनशैलीका कारण पनि धेरै थकानको अनुभव हुनसक्ने उनको धारणा छ । समयमा खाना नखाँदा, अत्यधिक जंकफुड खाँदा, धेरैबेर स्क्रिनमा हेदा, सुत्नुअघि मोबाइल धेरै चलाउँदा स्लीप साइकलमा अवरोध भएर थकान महसुस हुन्छ ।

यसका साथै आइरनको कमी, शरीरमा अक्सिजनको कमी,शरीरमा पानीको कमी हुनु, भिटामिन 'डी'को कमी तथा मधुमेहका कारण पनि आवश्यकता भन्दा बढी थकान महसुस हुनसक्छ ।

प्रमुख कारणहरु

अपर्याप्त निद्रा : राति राम्रोसँग नसुत्दा वा सुत्ने समय नमिल्दा दिनभर अल्छी र थकित लाग्छ।

पानी कम पिउनु : शरीरमा पानी अपर्याप्त हुँदा रगतको मात्रा घटेर ऊर्जाको तह कम हुन्छ ।


पोषक तत्वको कमी : रगतको कमी वा भिटामिन बी १२ को कमी हुनु ।

मानसिक तनाव : धेरै चिन्ता वा डिप्रेसनले शारीरिक र मानसिक रूपमा कमजोर बनाउँछ ।

स्वास्थ्य समस्या : थाइराइड सुस्त हुनु वा मधुमेहको लक्षण हुनु ।

## स्वास्थ्य

# के कारणले देखिन्छ पिसाबमा रगत ?




तपाईं-हामीमध्ये कतिपयको पिसाबमा कुनै समय रगत देखिन सक्छ । जसलाई मेडिकल भाषामा 'हेमाच्युरिया' भनिन्छ ।

पिसाबमा विभिन्न कारणले रगत आउन सक्छ। अत्यधिक परिश्रमयुक्त काम गरेमा, पिसाबमा संक्रमण भएमा, मिर्गौला वा मूत्रनलीमा पत्थरी भएमा, तथा मूत्रथैलीमा ट्युमर/मासु पलाएमा पिसाबमा रगत देखिन सक्ने प्रमुख कन्सल्टेन्ट युरोसर्जन डा. रविन बहादुर बस्नेत बताउँछन् ।

उनका अनुसार कतिपय अवस्थामा दुखाइ नभईकन पनि पिसाबमा रगत देखिन्छ। यसलाई चिकित्सकीय भाषामा 'पेनलेस हेमाच्युरिया' भनिन्छ ।

पिसाबमा रगत देखिनुका कारणहरु

**१. सामान्य तथा उमेरगत कारणहरु**

मूत्रमार्गको संक्रमणः ब्याक्टेरियाको संक्रमणका कारण पिसाबनली वा थैली सुन्निँदा रगत आउन सक्छ। यो विशेषगरी महिलाहरूमा बढी देखिन्छ ।

प्रोस्टेट ग्रन्थि बढ्नुः उमेर ढल्किँदै गएका पुरूषहरूमा प्रोस्टेट ग्रन्थि बढ्दा पिसाब मार्गमा दबाब परी रगत देखिन सक्छ ।

अत्यधिक व्यायामः कडा वा भारी शारीरिक व्यायामका कारण पनि कहिलेकाहीँ अस्थायी रूपमा पिसाबमा रगत आउन सक्छ ।

**२. मिर्गौला र पत्थरी सम्बन्धी समस्या**

पत्थरीः मिर्गौला, पिसाबको नली वा पिसाबथैलीमा पत्थरी हुँदा त्यसको घर्षणले गर्दा पिसाबमा रगत देखिन्छ। यसमा अक्सर कम्मर वा तल्लो पेट दुख्ने गर्छ ।

मिर्गौलाका रोगहरूः मिर्गौला सुन्निने रोग वा संक्रमणका कारण पिसाबबाट रगत चुहिन सक्छ ।

**३. गम्भीर तथा जटिल कारणहरु**

ट्युमर वा क्यान्सरः ४० वर्षभन्दा बढी उमेरका व्यक्तिहरूमा दुखाइबिना नै पिसाबमा रगत देखियो भने त्यो मिर्गौला, पिसाबथैली वा प्रोस्टेटको क्यान्सरको संकेत हुन सक्छ ।

चोटपटकः दुर्घटना वा कडा प्रहारका कारण मिर्गौला वा मूत्रप्रणालीमा चोट लाग्दा रगत आउन सक्छ ।

औषधिको प्रभावः रगत पातलो गर्ने औषधिहरु (जस्तैः एस्पिरिन) सेवन गरिरहेका बिरामीहरूमा पनि यो समस्या देखिन सक्छ ।

पिसाबमा रगत देखिनु कुनै ठूलो रोगको संकेत हो ?

पिसाबमा रगत देखिँदैमा ठूलै वा गम्भीर रोग भइसकेको हुन्छ भन्ने छैन। जस्तैः कहिलेकाहीँ महिलाहरुमा महिनावारी भएको बेला वा पाठेघरबाट रगत बगिरहेको अवस्थामा पनि पिसाबमा रगत मिसिएको हुन सक्छ ।

त्यसैले तुरून्तै आत्तिनुपर्दैन। तर पिसाबमा रगतसँगै रगतका साना-साना चोक्टा जाने वा दुखाइ हुने जस्ता समस्या छन् भने ढिला नगरी तुरून्त चिकित्सकलाई देखाइहाल्नु पर्छ ।




आज मिति
२०८३ साल
भदौ १० गते
मंगलबार
26 Aug. 2026
तिथिः चर्तुदशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगानाः क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागिः ९८६७३१०८८२/९८१७००५१६५

**मेष** (चु चे लो ला लि लँ ले लो अ): आम्दानीको नयाँ अवसर मिल्नेछ कामम उत्साह र सफलता मिल्नेछ

**वृष** (इ उ ए ओ वा वि वु वे वो): पारिवारिक सहयोग प्राप्त हुनेछ आर्थिक पक्ष बलियो बन्नेछ

**मिथुन** (का कि कु घ ङ छ के को हा): नयाँ जिम्मेवारी थपिन सक्छ बोल्दा संयम अपनाउनु राम्रो

**कर्कट** (हि हु हे हो डा डि डु डे डो): पुराना समस्या समाधान हुनेछन् स्वास्थ्यमा विशेष ध्यान दिनुहोस्

**सिंह** (मा मि मु मे मो टा टि टु टे): व्यवसायमा लाभको संकेत छ प्रतिष्ठा र सम्मान बढ्नेछ

**कन्या** (टो प पी पु ष ण ठ पे पो): मेहनतको राम्रो परिणाम मिल्नेछ यात्राबाट फाइदा हुनसक्छ

**तुला**: प्रेम सम्बन्धमा आत्मीयता बढ्नेछ आर्थिक निर्णय सोचेर गर्नुहोस्

**वृश्चिक** (तो ना नि नँ ने नो या यि यु): अधुरा काम पूरा हुनेछन् सहकर्मीबाट राम्रो सहयोग मिल्नेछ

**धनु** (य यो भा भी भ धा फा ढ भे): नयाँ योजना अघि बढ्नेछ आत्मविश्वासले सफलता दिलाउनेछ

**मकर**: कार्यक्षेत्रमा प्रगति हुनेछ खर्च बढ्नाले सावधानी अपनाउनुहोस्

**कुम्भ** (गँ गे गो सा सी सँ से सो द): नयाँ सम्पर्क उपयोगी बन्नेछ आम्दानी बढ्ने सम्भावना छ

**मीन** (दि दु थ झ ञ दे दो चा ची): पारिवारिक वातावरण सुखद रहनेछ महत्वपूर्ण निर्णयमा धैर्य गर्नुहोस्



*तेक्वान्दो अभ्यासमा बालबालिकाहरु : दमक ५ स्थित सर्वोदय अंग्रेजी बोर्डिङ स्कूलको प्राङ्गणमा तेक्वान्दो अध्यास गर्दै बालबालिकाहरु । स्कूलको संयोजन तथा दमक तेक्वान्दो डोजाङले बालबालिकाहरुका लागि तेक्वान्दो तालिम सञ्चालन गरिआएको छ ।*

# भारतले हटायो गहुँ निर्यातको प्रतिबन्ध

**दमक/** किसानलाई गहुँको राम्रो मूल्य दिलाउँदै आम्दानी बढाउने उद्देश्यले भारतले गहुँ तथा गहुँजन्य उत्पादनको निर्यातमा लगाएको चार वर्ष पुरानो प्रतिबन्ध हटाएको छ । विदेश व्यापार महानिर्देशनालय (डीजीएफटी)ले जारी गरेको सूचनाअनुसार गहुँको निर्यात नीति तत्काल लागू हुने गरी 'प्रतिबन्धित' बाट 'स्वतन्त्र' मा परिवर्तन भएको छ ।

भारतले सन् २०२२ को मेमा घरेलु आपूर्ति र मूल्य नियन्त्रण गर्ने उद्देश्यले गहुँ निर्यातमा प्रतिबन्ध लगाएको थियो । पछिल्लो समय देशमा गहुँको पर्याप्त मौज्दात रहेको तथा उत्पादनसमेत बढेकाले किसानलाई थप बजार उपलब्ध गराउने उद्देश्यले निर्यात खुला गरिएको सरकारले जनाएको छ ।

आधिकारिक तथ्यांकअनुसार भारतले सन् २०२५-२६ को बाली वर्ष (जुलाई २०२५-जुन २०२६) मा करिब १२ करोड छ लाख ५० हजार टन गहुँ उत्पादन गरेको छ । यो अघिल्लो बाली वर्षको तुलनामा २.३ प्रतिशत बढी हो ।

खाद्य तथा सार्वजनिक वितरण सचिव सञ्जीव चोपडाले गहुँको घरेलु मूल्य हाल कम रहेकाले निर्यात खुला गर्दा मूल्यमा सुधार आउने र त्यसबाट किसानको आम्दानी बढ्ने बताए । उनका अनुसार यसले आगामी बाली सिजनमा किसानलाई गहुँको खेती बढाउनसमेत प्रोत्साहित गर्नेछ ।

सरकारले देशमा पर्याप्त गहुँ भण्डारण रहेकाले निर्यात खुला गर्दा घरेलु बजारमा आपूर्तिको समस्या नहुने जनाएको छ । निर्यातमार्फत किसानले थप बजार पाउने र उत्पादनको उचित मूल्य प्राप्त गर्ने अपेक्षा गरिएको छ । साथै, आगामी वर्ष गहुँ उत्पादन बढाउन किसानलाई प्रोत्साहन मिल्ने सरकारको विश्वास छ ।

# कमलवासीलाई नोबेलमा २० र केएमसीमा ४० प्रतिशतसम्म छुट

**कमल/** झापाको कमल गाउँपालिकाले नागरिकलाई गुणस्तरीय, विशेषज्ञ तथा सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले विराटनगरस्थित नोबेल मेडिकल कलेज टिचिङ अस्पताल र काठमाडौं मेडिकल कलेजसँग स्वास्थ्य उपचारसम्बन्धी सम्झौता गरेको छ । सम्झौताअनुसार कमल गाउँपालिकामा स्थायी रूपमा बसोबास गर्ने नागरिकले तोकिएका सर्त र प्रक्रियाअनुसार नोबेल मेडिकल कलेजमा उपचार गराउँदा २० प्रतिशतसम्म छुट पाउनेछन् । त्यस्तै, काठमाडौं मेडिकल कलेजको सिनामंगल क्याम्पसमा २५ प्रतिशत र दुवाकोट क्याम्पसमा ४० प्रतिशतसम्म सहुलियत उपलब्ध हुने व्यवस्था गरिएको छ ।

यस्तै बिरामीको आर्थिक अवस्थाको आधारमा पालिका अध्यक्षको सिफारिस मा भने १००% सम्म छुट समेत हुनेछ । गाउँपालिका अध्यक्ष हुकुम सिंह राईको पहल तथा नेतृत्वमा भएको सम्झौताको मुख्य उद्देश्य स्थानीय स्वास्थ्य संस्थाबाट थप विशेषज्ञ वा जटिल उपचार आवश्यक पर्ने बिरामीलाई प्रतिष्ठित शिक्षण अस्पतालसम्म सहज र कम खर्चमा पहुँच पुऱ्याउनु रहेको गाउँपालिकाले जनाएको छ ।

सम्झौताको सुविधा लिन बिरामीले कमल गाउँपालिकाअन्तर्गतको नगर अस्पताल, स्वास्थ्य चौकी वा सम्बन्धित स्वास्थ्य संस्थाबाट थप उपचारका लागि गरिएको सिफारिस तथा रेफरल कागजात पेश गर्नुपर्नेछ । यसका साथै गाउँपालिका अध्यक्ष वा उनले तोकेको पदाधिकारीको सिफारिस, ठेगाना खुल्ने परिचयपत्र तथा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि आवश्यक पर्नेछ। १६ वर्षमुनिका बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्र पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

# होटलमा प्रहरीको छापा, १३ जना पक्राउ

**झापा/** युवती राखेर यौन व्यवसाय सञ्चालन गरिरहेको गुनासो बढेपछि प्रहरीले विर्तामोडस्थित मेची आँखा अस्पताल सैनिकमोड क्षेत्रका होटलमा छापा मारेको छ । त्यसक्रममा तीनजना होटल सञ्चालकसहित १३ जना पक्राउ परेका छन् ।

सोमबारराति ८ बजेदेखि मेची आँखा अस्पताल क्षेत्रका होटलहरूमा इलाका प्रहरी कार्यालय बिर्तामोडको प्रहरी टोलीले छापा मारेको थियो । त्यसक्रममा तीनजना होटल सञ्चालक, चारजना पुरूष ग्राहक र ६ जना युवती पक्राउ परेको प्रहरी स्रोतले जनाएको छ । सञ्चालकहरू होटल सेभेन इनका प्रकाश घिमिरे,होटल आसामका विकास गिरी र होटल उमानन्दका शैलेस खड्का पक्राउ परेका छन् । प्रहरीले होटल सेभेन इन, आसाम, उमानन्दलगायतका होटलमा छापा मारेको थियो ।

अनैतिक क्रियाकलाप हुने गरेको गुनासो आएका होटलहरूमा सर्च अपरेशन गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी सन्तोष पाठकले बताए । सैनिकमोड क्षेत्रका होटलहरूमा यौन व्यवसायसंगै लागूऔषधको कारोबार पनि हुने गरेको छ । सैनिकमोड क्षेत्रमा साना ठूला गरी करिव ५० वटा होटल रहेका छन् ।

# बालिकालाई यौन धन्दामा लगाउने पक्राउ

**दमक/** झापाको दमकमा १३ वर्षीया बालिकालाई ललाइफकाइ होटलमा पुऱ्याएर यौन धन्दामा लगाएको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा मोरङको केराबारी गाउँपालिका वडा नं. ९ देवीझोडा घर भई दमक क्षेत्रमा बस्दै आएकी जुनु भन्ने पार्वती ऋषिका र झापाको दमक नगरपालिका वडा नं. ८ बस्ने ५५ वर्षका गणेशप्रसाद अधिकारी रहेका छन् ।

गत साउन ३१ गते घरबाट आफूखुसी हिंडी सम्पर्कविहीन भएकी ती बालिकालाई खोजतलास गरिपाउँ भनी आफन्तले इलाका प्रहरी कार्यालय दमकमा निवेदन दिएका थिए । प्रहरीले खोजतलास गर्ने क्रममा भदौ ४ गते बालिकालाई फेला पारेको थियो ।

प्रहरीले पक्राउ परेका दुवै जनालाई भदौ ७ गते झापा जिल्ला अदालतमा पेस गरी मानव बेचबिखन तथा ओसारपसार कसुरमा म्याद थप अनुमति लिएर अनुसन्धान अघि बढाएको छ ।

***विद्युत......***मातहत रहने ३३/११ केभी अन्तर्गत पर्ने छन् । त्यसले ग्रिडमा पर्ने ओभरलोडलाई सन्तुलन राख्न सहयोग गर्ने बताइएको छ ।

ओभरलोडको समस्यामा सबैभन्दा धेरै विराटनगर क्षेत्रको ग्राहस्थ फिडरमा देखिँदै आएको छ । जसको समाधान मोरङमा पश्चिमतर्फ बर्जु र पूर्वतर्फ केरौनको ग्रिड सबस्टेसन सञ्चालनमा आएलगत्तै हुने दाबी गरिएको छ । निर्देशक आचार्यले यी दुई सबस्टेसनले विद्युत्को लोड व्यवस्थापनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । यद्यपि पथरीशनिश्चरेमा एउटा सबस्टेसनको जग्गा व्यवस्थापन भइरहेको र विराटनगरमा समेत आवश्यकता महसुस भएमा अर्को वर्ष प्रक्रिया बढाउन सकिने स्थितिमा पुगिएको बताए ।

## अन्तर्राष्ट्रिय

# भारतीय कम्पनीमाथि अमेरिकी प्रतिबन्ध

**एजेन्सी/** संयुक्त राज्य अमेरिकाले इरानको पेट्रोलियम तथा पेट्रोकेमिकल व्यापारसँग सम्बन्धित रहेको आरोपमा भारतमा आधारित चार कम्पनीमाथि प्रतिबन्ध लगाएको छ । अमेरिकी विदेश मन्त्रालयका अनुसार 'अपरेसन इकोनोमिक आउटकास्ट' अन्तर्गत इरानको सैन्य गतिविधि, खरिद सञ्जाल तथा पेट्रोलियम कारोबारलाई लक्षित गर्दै पोर्टेज पार्टनर एलएलपी, सदाशिव ओभरसिज लिमिटेड, पिपि सफ्टटेक प्राइभेट लिमिटेड र प्राक्रुटिस इन्फ्रा इम्पेक्स इन्डिया प्राइभेट लिमिटेडमाथि कारबाही गरिएको हो । अमेरिकी विदेश मन्त्रालयका अनुसार पोर्टेज पार्टनरले भारतमा इरानी पेट्रोकेमिकल उत्पादनको ढुवानी तथा आयातमा सहजीकरण गरेको थियो । कम्पनीका साझेदार भारतीय नागरिक इन्ड्रिस्मिया आशारफ्मिया सेख र हरिश रामचन्द्र रङ्गीलाई समेत प्रतिबन्ध लगाइएको छ ।

त्यसैगरी, सदाशिव ओभरसिजले सन् २०२४ को फेब्रुअरीदेखि २०२५ को जुनसम्म करिब ६ करोड ९० लाख अमेरिकी डलर मूल्य बराबरका इरानी मूलका पेट्रोलियम उत्पादन आयात गरेको अमेरिकी पक्षको दाबी छ । प्रतिबन्धित बोन्जोर कमोडिटी एफजेडईसहित विभिन्न कम्पनीबाट ती उत्पादन आयात गरिएको जनाइएको छ । पिपि सफ्टटेकले सन् २०२४ को जनवरीदेखि २०२५ को जुनसम्म करिब दुई करोड ५० लाख अमेरिकी डलर मूल्य बराबरका इरानी मूलका पेट्रोलियम उत्पादन आयात गरेको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ । कम्पनीका निर्देशक भारतीय नागरिक प्रशान्त गर्गलाई समेत प्रतिबन्ध सूचीमा राखिएको छ । प्राक्रुटिस इन्फ्रा इम्पेक्सले सन् २०२३ को मेदेखि २०२६ को फेब्रुअरीसम्म करिब दुई करोड ५० लाख अमेरिकी डलर मूल्य बराबरका इरानी मूलका पेट्रोलियम उत्पादन आयात गरेको अमेरिकी दाबी छ । अमेरिकाले पछिल्लो प्रतिबन्ध इरानको पेट्रोलियम आम्दानी रोक्ने तथा इरानी सैन्य र खरिद गतिविधिलाई सहयोग गरेको आरोप लागेका अन्तर्राष्ट्रिय सञ्जाललाई कमजोर बनाउने अभियानको हिस्सा भएको जनाएको छ ।

# प्रेस युनियनले ११ औं जिल्ला अधिबेशन दमकमा गर्ने

**दमक /** नेपाल प्रेस युनियन झापाको यहि भदौं १३ गते दमकमा ११ औं जिल्ला अधिवेशन हुने भएको छ । जिल्ला अधिबेशन सभ्य तथा भव्य रूपले सम्पन्न गर्न आवश्यक तयारी धमाधम भईरहेको जिल्ला सचिव अर्जुन राजवंशीले बताए ।

जिल्ला अधिबेशन दमकको नेपालीरिकामा हुने छ । अधिबेशन सफल बनाउन यूनियन झापाका जिल्ला अध्यक्ष गिरीराज भट्टराईको अध्यक्षतामा अधिबेशन मूल आयोजक समिति र लक्ष्मी लुईटेलको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको छ ।

गठित निर्वाचन समितिका सदस्य विष्णु सुब्बाका अनुसार जिल्ला अधिबेशनबाट हुने नयाँ नेतृत्व चयन गर्न निर्वाचन समितिले निर्वाचन सम्बन्धी सवै तयारी गरिरहेको छ । तीनवर्षे कार्यकालका लागि हुने जिल्ला अध्यक्षमा पत्रकारहरू राजेन्द्र गौतम, सुरेन्द्र भण्डारी लगायतले आकांक्षा राखेका छन् ।

सोहि अवसरमा यूनियनले स्थापना गरेको तीन वटा पत्रकारिता पुरस्कार समेत वितरण गरिने सचिव राजवंशीले बताए । जिल्ला अधिबेशनमा १५ जना नयाँ सदस्यसहित १३४ जना यूनियनमा आवद्ध पत्रकारहरूको सहभागिता रहने छ ।

नेपाल प्रेस यूनियन लोकतन्त्रवादी पत्रकारहरूको सवैभन्दा पूरानो संस्था हो । जिल्ला अधिवेशन नेपाली कांग्रेसका उपसभापति विश्वपकाश शर्माको प्रमुख आतिथ्यतामा हुने जनाइएको छ ।

***सर्वोच्च......***गर्नेगरी दुवै पक्ष मिलेर अगाडि बढ्न सकिने साउदको तर्क छ । यता संस्थापन पक्षले भने सहमति जुटाउन प्रयास गरिरहेको बताएको छ । सभापति गगन थापाले शुक्रबार निवर्तमान सभापति देउवाका स्वकीय सचिव भानु देउवालाई टेलिफोन गरी भेट्नका लागि समय मागेका थिए । त्यो भेट राजनीतिक सहमतिका लागि भएको संस्थापन पक्षका नेताहरु बताउँछन् । महाधिवेशन निष्पक्ष बनाउन थप उपाय चाहिन्छ–आपसी सहमतिमा विश्वसनीय वातावरण बनाऔँ । यी सबै असन्तुष्टि र विवाद समाधान विधानभित्रै सम्भव छ ।' थापाको भनाइ छ ।

संस्थापनले 'विधानभित्र सहमति सम्भव छ' भन्नुको अर्थ देउवालाई स्विकार्दैनौँ भनेको हो । संस्थापनका अनुसार विधानबमोजिम नै विशेष महाधिवेशन भएको र त्यसबाटै सभापतिमा थापा चयन भएका हुन् । र उनकै नेतृत्वमा समिति बनाउनुपर्ने अडानमा संस्थापन छ, यसले कुरा मिल्न सकेको छैन ।

प्रवक्ता चालिसेले विधानले स्वीकृत गर्ने हरेक सहमतिका लागि सबै जना खुला हुनुपर्ने र आफूहरु खुला रहेको बताए । यता इतर समूहका प्रचार प्रसार समितिका संयोजक नेता मीन विश्वकर्माले भने देउवाको नेतृत्वमा १५औँ महाधिवेशन हुने निश्चित भए सहमति हुने नभए नहुने बताएका छन् ।






## खेल समाचार

# प्रहरीले जित्यो भदौरे मेलाको उपाधि

**पाँचथर/** पाँचथरको फालेलुङ गाउँपालिका -८, आकाशेमा आयोजित भदौरे मेलाको अवसरमा आयोजित फुटबल प्रतियोगिताको उपाधि जिल्ला प्रहरी कार्यालय पाँचथरले जितेको छ । प्रतिश्पर्धी ब्रदर्स हेयर सैलुन फुटबल क्लवलाई १ का विरूद्ध ४ गोलले हराउँदै प्रहरीले उपाधि जितेको हो । सोमबार साँझ ढिलोगरी ज्ञानज्योती आधारभूत विद्यालयको खेल मैदान आकाशे भञ्ज्याङमा आयोजित प्रतियोगितामा विजेता बनेको पाँचथर प्रहरीले नगद १ लाख ५ हजार रूपियाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।



यस्तै, उपविजेता ब्रदर्स हेयर कट सैलुनले नगद ५५ हजार रूपियाँसहित ट्रफी, मेडल र प्रमाणपत्रमा चित्त बुझाएको छ । हरेक वर्ष भदौ १ देखि ७ गतेसम्म सञ्चालन हुने भदौरे मेलाका अवसरमा यहाँ फुटबल प्रतियोगिता पनि आयोजना गरिन्छ ।

यस वर्षको प्रतियोगिता न्यू स्टार बहुउद्देश्यीय कृषक समूहले आयोजना गरेको हो । यस वर्षको प्रतियोगितामा पुरूषतर्फ ३२ र महिला तर्फ ४ टिम सहभागि थिए ।

# गौतमले दिए छात्राको पढाईमा सहयोग

**झापा/** जन्मदिनका अवसरमा हुने तडकभडक र फजुल खर्चलाई निरूत्साहित गर्दै झापाका पत्रकार तथा सहकारीकर्मी राजेन्द्र गौतमले जेहेनदार छात्राको शिक्षामा सहयोग गरेका छन् ।

गौतमले आफ्नो जन्मदिनको अवसरमा लक्ष्मी क्याम्पस, बनियानीमा बीबीएस प्रथम वर्षमा अध्ययनरत मोनिका राजवंशीलाई पाँच महिनाको शिक्षण शुल्कसहित आवश्यक शैक्षिक सामग्री सहयोग गरेका हुन् । उनी हाम्रो नेपाल संस्था साकोसका उपाध्यक्ष एवं कार्यवाहक अध्यक्ष हुन् ।

मंगलबार क्याम्पसमा आयोजित कार्यक्रममा गौतमले छात्रा राजवंशीलाई उक्त सहयोग हस्तान्तरण गरे । 'होटल तथा रेस्टुरेन्टमा गएर फजुल खर्च गर्नुभन्दा विद्यार्थीको शिक्षामा सहयोग गर्दा वास्तविक आत्मसन्तुष्टि मिल्छ,' गौतमले भने, 'व्यक्तिगत रूपमा समाज र शैक्षिक क्षेत्रमा सकारात्मक सन्देश जाओस् र एउटा विद्यार्थीको अध्ययनमा सहजता होस् भन्ने उद्देश्यले यो विकल्प रोजेको हुँ ।'

भोजपुरको अरूण गाउँपालिकामा जन्मिएका गौतम विगत तीन दशकदेखि झापालाई वेश बनाएर पत्रकारितामा समेत क्रियाशील छन् ।

***एमाले......***

*केशवप्रसाद पोखरेल तथा राप्रपाबाट राजेन्द्र प्रजापती र नुरज बज्राचार्य रहेका छन् । समझदारीमा सुरूमा नेपाली कम्युनिष्ट पार्टीको नेतृत्वमा सरकार सञ्चालन संयन्त्र गठन गर्ने उल्लेख छ। उक्त संयन्त्रले प्रदेश सरकार सञ्चालनका विषयमा आवश्यक सल्लाह, सुझाव तथा समन्वय गर्नेछ । त्यस्तै, मन्त्रिपरिषद्लाई महिला सहभागितासहित समावेशी बनाउने सहमति पनि तीन दलबीच भएको छ । मन्त्रिपरिषद्को मर्यादाक्रममा मुख्यमन्त्रीपछि नेपाली कम्युनिष्ट पार्टी र त्यसपछि राप्रपाको तर्फबाट प्रतिनिधित्व रहने व्यवस्था गरिने समझदारीमा उल्लेख छ ।*

# मुस्लिम धर्मावलम्बीहरूलाई सार्वजनिक बिदा

**झापा/** सरकारले मोहम्मद जयन्तीको अवसरमा बुधबार नेपाली मुस्लिम धर्मावलम्बीहरूका लागि सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

मंगलबार गृह मन्त्रालयले एक सूचना जारी गर्दै उक्त दिन मुस्लिम समुदायका लागि बुधबार सार्वजनिक बिदा दिइएको जानकारी दिएको हो ।

वि.सं. २०८२ फागुन १८ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार मोहम्मद जयन्तीका दिन नेपाली मुस्लिम धर्मावलम्बीहरूका लागि सार्वजनिक बिदा दिने व्यवस्था रहेको छ ।

सोही व्यवस्थाअनुसार मुस्लिम आयोगबाट भोलि मोहम्मद जयन्ती परेको जानकारी प्राप्त भएकाले सरकारले सो निर्णय गरेको मन्त्रालयले जनाएको छ ।

## मोटरसाइकल हराएको सूचना

मिति २००३/०४/०९ गते दिनको अन्दाजी ४:३० बजेको समयमा झापा जिल्ला कमल गाउँपालिका वडा नं ५ स्थानमा रहेको बाटोमा पार्किङ गरी राखिएको मोटरसाइकल हराएकोले पहिला बिमा कम्पनीलाई जानकारी गलत भएको/परेको कारण म निवेदिकाले मेरो नाममा दर्ता कायम भएको निम्न मिति, समय र स्थानबाट निम्न विवरण भएको मोटरसाइज हराएको हुँदा खोजतलास गरी पाउँ भनी श्रीमान समक्ष यो निवेदन लेखी पेश गरेको छु ।

**निम्न विवरणः-**

मितिः २०८३/०४/०९ गते
समयः दिनको अं ४.३० बजेको समयमा
स्थानः कमल गाउँपालिका वडा नं ५ झापा
ब्लु बुक धनीको नामः गिता याखा लिम्बु
मो.सा. नं : प्रदेश १-०१-०१९ प ३९२५
इन्जिन नं. : JLXCTK 64984
च्यासिसनं : MD2A36FX6TCK 81021
मो.सा. विवरणः हुलास कम्पनीको कालो रंगको २०० सीसीको पल्सर

**निवेदिका**
गिता याखा लिम्बु
दमक-६ झापा
सम्पर्क नं. ९८१९०७५८३१


## नागरिकमैत्रीः सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवा सम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रुपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमान्दारिता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिक केन्द्रित बनाऔं,

**सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**


◆ प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादकः खगेन्द्र कार्की ◆ सहसम्पादकः विमल लामिछाने ◆ बजार व्यवस्थापकः केशव खनाल ◆ लेआउटः सुरेन बस्नेत

**कार्यालय**ः दमक-५, झापा, फोनः ०२३-५७०२७२, **मुद्रण**ः ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com